# बन्दिपुर गाउँपालिका

## बन्दिपुर राजपत्र

### बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ६** **संख्याः १५** **मितिः २०८०/०१/०४**

### भाग २

बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सुचना

# बन्दिपुर गाउँपालिकाकाको वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रमको

## मापदण्ड २०७९

**प्रस्तावनाः** बन्दीपुर गाउँपालिका क्षेत्र भित्रका वैदेशिक रोजगारबाट फर्केका युवाहरुले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूजी सीप प्रविधि र अनुभवलाई नेपालमा नै उद्यमशिलताको विकास तथा सीपको प्रवर्द्धनमा उपयोग गराई स्वदेशमा नै व्यवसाय सञ्चालन गरेका वा गर्ने योजनामा रहेका युवाहरुलाई उद्यमशीलताको माध्यमबाट

स्वरोजगार सृजना गरी आर्थिक उन्नति सहज होस भनी  स्थानीय सरकार संञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बन्दीपुर गाउँपालिका, गाउँ कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त  नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "वैदेशिक रोजगारबाट फर्कीएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रम मापदण्ड,२०७९" रहेको छ।

(२) यो मापदण्ड बन्दीपुर गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "गाउँपालिका" भन्नाले बन्दीपुर गाउँपालिका सम्झनुपर्दछ।

(ख) "अध्यक्ष" भन्नाले बन्दीपुर गाउँपालिकाको प्रमुख सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले बन्दीपुर गाउँपालिकाको उपप्रमुख सम्झनुपर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बन्दीपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

(ङ) "कार्यपालिका" भन्नाले बन्दीपुर गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्दछ।

(च) "सदस्य" भन्नाले यस मापदण्डको दफा नं. ८ मा रहेको समितिको सदस्य सम्झनु पर्दछ।

(छ) "रिटर्नी" भन्नाले वैदेशीक रोजगारबाट नेपाल फर्कीएका नेपाली कामदार सम्झनुपर्दछ।

(ज) "सामी" भन्नाले सुरक्षित आप्रवासन कार्यक्रम सम्झनुपर्दछ।

(झ) "निर्देशिका" भन्नाले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तीको लागि पुन:एकिकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ सम्झनुपर्दछ।

(ञ) "व्यवसाय" भन्नाले स्वरोजगार सृजना गरी आय आर्जन गर्ने कार्य सम्झनु पर्दछ।

(ट) "रोजगार सेवा केन्द्र" भन्नाले रोजगारीको हक सम्बन्धी एन २०७५ को दफा १० बमोजिमको रोजगार सेवा केन्द्र सम्झनु पर्छ ।

## परिच्छेद २

### उद्देश्य तथा कार्यक्षेत्र सम्बन्धी व्यवस्था

३. **उद्देश्यः** केही वर्ष यता विश्वभर फैलिएको कोभिडका कारण वैदेशिक रोजगारमा गएकाहरु स्वदेश फर्की आफूले प्राप्त गरेका सीप प्रयोग गरी रोजगार सृजना गरेका र गर्न खोजेको पाईन्छ। उनीहरुले आफुले रोजेको र आफूसँग भएको ज्ञानलाई प्रयोग गरी व्यवसाय सञ्चालन गर्न गाउँपालिकाबाट केही बिऊ पूँजीको रुपमा आर्थिक सहयोग प्राप्त भएमा त्यस्ता उद्यमीहरुले आय आर्जन गर्न सक्नेछन् भने समग्र गाउँपालिकालाई समेत उद्योग, कृषी, पशुपंक्षी पालन र स-साना घरेलु उद्योग सञ्चालन गरी आफ्नो गाउँपालिकामा बिक्री वितरण गर्न सक्ने छन् भन्ने अपेक्षा राखिएको छ।

४. **अनुदान सहयोग कार्यक्रमका क्षेत्रहरुः**

**(क) कृषी विकास तर्फ**

I. सामुहीक वा एकल रुपमा तरकारी खेती, फलफूल खेती र माछापालन व्यवसाय सञ्चालन गरी व्यवसायिक रुपमा गर्दै आएका रिटर्नी युवाहरु यो अनुदान नीति भित्र पर्दछन्। साथै यसरी कृषी व्यवसाय सञ्चालन गर्दा कम्तिमा २ रोपनीभन्दा बढी क्षेत्रफलको जग्गामा व्यवसाय सञ्चालन गरेको हुनु पर्नेछ।

II. एकल रुपमा समेत ठूलो मात्रामा माथि उल्लेखित मध्ये कुनै व्यवसाय गरी वडास्तरमा उदाहरणीय रुपमा व्यवसाय सञ्चालन गरी व्यवसायिक रुपमा गर्दै आएका वा गर्ने योजना तयार गरेका यूवाहरु समेत यो अनुदान नीति भित्र पर्दछन्

नोटः यस कार्यक्रम तर्फ अनुदानका लागि कृषि सिंचाईका लागि पाइप, विद्युत मिटर, यान्त्रिकरण सिंचाईका लागि ट्याङ्की निर्माण र टनेल निर्माण जस्ता सामाग्री खरिद तथा निर्माणमा लगानी हुनेछ । साथै अनुदान प्राप्त गर्नका लागि गाउँपालिकामा अनिवार्य व्यवसाय दर्ता गरेको हुनुपर्दछ भने दर्ता भएको वा गरेको हकमा बढीमा १ बर्ष अगाडीबाट उक्त व्यवसाय दर्ता गरी संञ्चालन गर्दै आएको भएमा पनि सो उद्यमी यस अनुदान कार्यक्रममा सहभागी हुन पाउनेछ।

**(ख) <u>पशुपंक्षी पालन तर्फ</u>**

I. सामुहिक रुपमा बाख्रा, खरायो, बंगुर, गाई भैसी तथा कुखुरा पालन व्यवसाय सञ्चालन गरी व्यवसायिक रुपमा व्यवसाय गर्दै आएका वा गर्ने कार्य योजना पेश गरेका युवाहरु यो अनुदान नीति भित्र पर्दछन् ।

II. सामुहिक रुपमा मात्र नभई एकल रुपमा बाख्रा पालन भएमा १५ वटा भन्दा बढी बाख्रा वा बंगुर पालन, ५ वटा भन्दा बढी गाई वा भैसी पालन र कुखुरा, हाँस जस्ता पंक्षी पालन व्यवसाय संञ्चालन गरेको भए 200 भन्दा बढी पालन गरी व्यवसाय गर्दै आएका वा गर्ने कार्य योजना पेश गरेका रिटर्नी युवाहरु यो अनुदान नीति भित्र पर्दछन्।यसरी उल्लेखित पशुपन्छीहरुको गणना गर्दा माउ बनेका वा बन्न तयार भएकालाई सिफारिस समितिको निर्णय बमोजिम कायम हुनेछ

नोटः यस अनुदान तर्फ खोर तथा गोठ सुधार, यान्त्रीकरण, उन्नत पशु खरिद पँहुचको अवस्था सुधार जस्ता क्षेत्रमा लगानी गर्नु पर्नेछ । साथै अनुदान प्राप्त गर्नका लागि गाउँपालिकामा अनिवार्य व्यवसाय दर्ता गरेको हुनुपर्दछ ।

**(ग) <u>साना घरेलु उद्योग तर्फ</u>**

I. रिटर्नी युवाहरुले तालिम प्राप्त गरी घरेलु हस्तकला लगायत अन्य व्यवसाय जस्तैः ऊनी झोला, मुडा निर्माण, अरबत्ती उद्योग, मैन बत्ती दालमोठ, भूजीया तथा अचार उद्योग जस्ता स्थानीय कच्चा माल सामानबाट उत्पादित उद्योग हुनुपर्दछ।

II. रिटर्नी युवाहरुले तालिम प्राप्त गरी सिलाई बुनाई व्यवसाय, घरबास व्यावसाय सँचालन, सौन्दर्य व्यवसाय, कपाल काटने व्यावसाय ,छाला जुत्ता चप्पल उद्योग, फलामका भाडा निर्माण उद्योग, ग्रील उद्योग, वर्कशप एवं ग्यारेज उद्योग र वातावरणमैत्री झोला निर्माण जस्ता परम्परागत सामान उत्पादित उद्योग पर्दछ।

**नोटः** यस अनुदान प्राप्त गर्नका लागि पालिकामा अनिवार्य व्यवसाय दर्ता गरेको हुनुपर्दछ भने दर्ता नभएको वा नगरेको हकमा कम्तीमा १ वर्ष अगाडीबाट उक्त व्यवसाय सञ्चालन गर्दै आएको भएता पनि व्यवसाय

दर्ता गर्नु पर्दछ। उक्त तालिममा रिटर्नीका परिवारले समेत तालिम लिई यस प्रकारका अनुदान लिन सक्नेछ ।

**(घ) व्यापार व्यवसाय तर्फ**

।. गाउँपालिकाभित्र स-साना होटल व्यवसाय, किराना पसल, ईलेक्ट्रोनिक एवं मोबाईल मर्मत पसल, स-साना कस्मेटिक पसल जस्ता व्यवसाय, तरकारी फलफूल पसल, माछा मासु पसल सञ्चालन गरेका वा गर्नका लागी कार्य योजना बनाई पेश भई गाउँपालिकामा व्यवसाय अनिवार्य दर्ता गर्नुपर्दछ।

**नोटः** यस अनुदान प्राप्त गर्नका लागी गाउँपालिकामा अनिवार्य व्यवसाय दर्ता गरेको हुनु पर्दछ, भने दर्ता नभएको वा नगरेको हकमा कम्तिमा १ वर्ष अगाडिबाट उक्त व्यवसाय सञ्चालन गर्दै आएको भए तापनि व्यवसाय दर्ता गर्नुपर्दछ।

**(ङ) सिप विकास तथा तालिम सम्बन्धी व्यवस्था**

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तीहरुका लागि उद्यमशिलताको अवधारण, व्यवसाय छनौट, फर्म दर्ता, व्यवसायीक योजनाको निर्माण, वित्तीय साक्षरता आदि विषयहरु समावेश गरि तालिम प्रदान गरिनेछ ।

## परिच्छेद-३

## लाभग्राहीमा सूचिकरण

**५.** लाभग्राहीमा सूचिकृत हुनुपर्नेः- वैदेशिक रोजगारिबाट फर्केका व्यक्तीले निर्देशिका बमोजिम कार्यक्रममा सहभागी हुनका लागि लाभग्राहीमा सूचिकृत हुन पर्नेछ ।

**६.** लाभग्राहीमा सूचिकृत हुने प्रक्रिया:-दफा ५ बमोजिम लाभग्राहीमा सूचिकृत हुन चाहने वैदेशिक रोजगारीबाट फर्केका व्यक्तीले अनुसुचि ८ बमोजिमको ढाँचामा रोजगार सेवा केन्द्र समक्ष निवेदन दिनुपर्नेछ ।

## परिच्छेद-४

## अनुदान सहयोगको सिमा तथा आवश्यक कागजपत्रहरु सम्बन्धी व्यवस्थाः

**७. अनुदान तथा लगानीको सिमाः**

(क) वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई यो लक्षित अनुदान प्रदान गर्दा प्रति उद्यम वा प्रति रोजगार बढीमा रु.१ लाख सम्म बजेट उपलब्ध गराईने छ ।

(ख) रिटर्नी युवा उद्यमशिलता सहयोग कार्यक्रमको अनुदान प्रदान गर्दा दलित, जनजाती र गरिब तथा पिछडिएका वर्ग र क्षेत्रलाई प्राथमिकता दिईनेछ ।

(ग) व्यवसायी युवाहरुलाई अनुदान प्रदान गर्दा अनिवार्य रुपमा स्थलगत निरिक्षण गरी वडा समितिले सिफारिस गर्नुपर्नेछ ।

(घ) यसरी सहयोग एवम् अनुदान प्रदान गर्दा स्वंयम रोजगार दाताको बैंक खातामा रकम हस्तान्तरण गरिनेछ ।

(ङ) गाउँपालिकाद्वारा प्रदान गरिएको सहयोग रकमबाट आफूले खर्च गरेको वस्तु वा सामानको बिल भरपाई सहयोग प्राप्त गर्दाका बहत अनिवार्य रुपमा पेश गरेर मात्र सहयोग प्रदान गरिनेछ ।

(च) आफू वैदेशिक रोजगारमा रही कार्य गर्दा आफूले प्राप्त गरेको सीप विकासको प्रमाण-पत्र पेश गरी सोही पेशा व्यवसाय संञ्चालन गर्ने युवालाई थप प्रोत्साहन उपलब्ध गराईने छ ।

(छ) गाउँपालिकामा संञ्चालन भएको सुरक्षित आवाप्रवासन (सामी) कार्यक्रम वा आप्रवासी कामदार सँजालको सदस्यता प्राप्त गरी सिफारिस भई आउनुपर्नेछ ।

(ज) यस अनुदान प्राप्त गर्नका लागि वैदेशिक रोजगारबाट फर्केको १० वर्ष भन्दा बढी अवधिको लाई यस कार्यक्रममा समावेश गरिने छैन । तर ३ वर्ष भन्दा बढी समय देखी निरन्तर व्यवसाय गर्दै आएको रहेछ भने व्यवसाय प्रबर्धनका लागि अनुदान दिन सकिनेछ ।

८. <u>अनुदान प्राप्त गर्नका लागि आवश्यक कागज पत्रहरु:</u>

(क) व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

(ख) रोजगारदाताको शैक्षिक योग्यता तथा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ग) व्यावसाय गर्ने जग्गाको लालपुर्जा एव जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिप वा करार सम्झौता पत्र ।

(घ) तालिम प्राप्त गरेको भए तालिम प्रमाणपत्रको प्रतिलिपि ।

(ङ) वडा समितिको सहयोग प्रदान गर्ने उपयुक्त भएको सिफारिस ।

(च) गाउँपालिकाद्धारा तयार गरिएको निश्चित ढाँचाको फाराम ।

(छ) आफुले गर्न चाहेको उद्यमशिलताको कार्य योजना/व्यवसायीक योजना ।

(ज) वैदेशिक रोजगारमा गएको पासपोर्टको प्रतिलिपि ।

## परिच्छेद- ५

## <u>अनुदान प्रदान गर्ने विधि एव शर्तहरु सम्बन्धी व्यवस्था</u>

९. (क) प्रस्ताव आह्वान:- २५ वर्ष पूरा भई ५० वर्ष ननाघेका वैदेशिक रोजगारीबाट फर्किएका ईच्छुक लाभग्राहीहरुको लागि स्थानिय संञ्चार माध्यम पत्र पत्रिकामा सुचना प्रकाशित गरी गाउँपालिकामा पेश गर्ने गरी प्रस्ताव आह्वान गरिने छ ।

(ख) सुचना सार्वजनिक भएको ३० दिन भित्र कार्यक्रममा सहभागी हुन चाहने लाभग्राहीले संक्षिप्त कार्य योजना, आफूले गर्न चाँहेको काम, पेशा, व्यवसाय, अनुमानित लागत, थप रकम आवश्यक पर्ने भए त्यसको श्रोत, सम्भावित आए समेत खुलाएर वडा अध्यक्षको सिफारिस सहित आवेदन दिनु पर्नेछ ।

(ग) यस्तो निवेदन उपर आवश्यक छानबिन गरी उचित ठहरिएका निवेदक युवाहरुलाई सामुहिक रुपमा भेला गरी कार्यक्रमको उद्देश्य र संचालन बिधी बारे जानकारी तथा अभिमुखिकरण प्रदान गरिने छ ।

(घ) तोकिएको संख्या भन्दा बढि आवेदन पर्न आएमा पहिलो आउनेलाई प्राथमिकता दिने आधारमा अनुदान दिईनेछ ।

(ङ) यस कार्यक्रम अन्तरगत सहभागी लाभग्राहीले परियोजना यसै गाउँपालिका भित्र मात्रै संचालन गर्न पाउनेछन्।

(च) पालिकाबाट १ पटक आर्थिक अनुदान लिई सकेको व्यक्ती यो योजनामा सामेल हुन पाउने छैनन् ।

(छ) गाउँ कार्यपालिकाबाट सदर भए पश्चात निज व्यवसायीको कार्य प्रगतीको आधारमा एकै वा २ किस्तामा अनुदान रकम प्रदान गरिनेछ। व्यवसायको अनुगमन गरि उपयुक्त देखिएमा एकै किस्तामा समेत सहयोग रकम उपलब्ध गराउन बाधा पर्ने छैन ।

## १०. अनुदान सम्बन्धी अन्य शर्तहरु

(क) पालिकाद्धारा प्रदान गरिएको अनुदान रकमको उद्धेश्य विपरित खर्च गरेमा वा रकमको दुरुपयोग गरेको अनुगमनको क्रममा देखिएमा आफुले प्राप्त गरेको अनुदान रकमको नियमानुसार ब्याज सहित रकम फिर्ता गर्नुपर्नेछ वा सरकारी बाकी सरह असुल उपर गरिनेछ ।

(ख) कुनै पनि अनुदान प्राप्त गर्ने व्यवसायीले अनुदान प्राप्त गरे पश्चात उक्त व्यवसाय निरन्तर रुपमा कम्तिमा ३ वर्ष सम्म सञ्चालन गर्नुपर्नेछ ।

(ग) अनुदान प्राप्त गर्नका लागि बन्दीपुर गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गरेको हुनुपर्नेछ । तर ५ वर्ष भन्दा बढि अवधी अस्थायी रुपमा बसोबास गरेको प्रमाण पेश गरेमा यस सहयोग कार्यक्रममा सहभागी गराउन बाधा पर्ने छैन

(घ) यस सहयोग कार्यक्रम पालिकाका रिटर्नीहरुलाई प्रदान गर्दा सामान्यता सबै वडाहरुलाई समेटने गरि माग निवेदन सँख्याको आधारमा छनौट गरि समानुपातिक रुपमा सहयोग उपलब्ध गराईनेछ ।

परिच्छेद ६

## कार्यक्रम कार्यन्वयन समिती सम्बन्धी व्यवस्था

## ११. कार्यक्रम कार्यान्वयन समिती सम्बन्धी

(१) अनुदान उपलब्ध गराउनका वैदेशिक रोजगारीबाट फर्केका व्यक्तीको लागि पुन एकिकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७९ को दफा १९ ले तोके बमोजिमको रहनेछ जसमा

क) बन्दीपुर गाउँकार्यपालिकाको उपाध्यक्ष -सँयोजक

ख) सँयोजकले तोकेको गाउँ कार्यपालिकाको एक जना - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) स्थानीय तहमा कार्यरत गैरसरकारी सँस्थामध्येबाट सँयोजकले तोकेको एक जना प्रतिनिधी - सदस्य

ङ) वैदेशिक रोजगारीमा गई कम्तिमा २ वर्ष काम गरि स्वदेश फर्केका र सम्बन्धित स्थानीय तहमा बसोबास गर्दै आएका व्यक्तीहरु मध्येबाट सँयोजकले तोकेको १ जना - सदस्य

च) रोजगार सँयोजक रोजगार सेवा केन्द्र - सदस्य सचिव

(२) आवश्यक व्यक्तीलाई आमन्त्रण गर्न सक्नेछ।

## १२. समितीको काम कर्तव्य र अधिकार

(1) दफा ५ बमोजिम सूचिकृत लाभग्राहीको विवरणका आधारमा संञ्चालन गर्न सकिने कार्यक्रमको पहिचान

गरी प्राथमिकीकरण गर्ने

(२) अन्य संस्था वा निकायले संञ्चालन गरेका कार्यक्रमसँग दोहोरो नपर्ने गरी कार्यक्रम छनौट गर्ने,

(३) बन्दिपुर गाउँपालिकामा कार्यरत गैर सरकारी संस्थासँग कार्यक्रम संञ्चालनका लागि समन्वय गर्ने,

(४) कार्यक्रम कार्यान्वयनका लागि पालिका भित्र रहेका बैंक तथा वित्तीय संस्थासँग समन्वय गर्ने,

(५) प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्ने,

(६) कार्यक्रम सम्पन्न भएपछी निर्देशिकाको अनुसुची-३ बमोजिमको ढाँचामा प्रगती प्रतिवेदन तयार गरी कार्यक्रम

समन्बय समिति समक्ष पेश गर्ने ।

१३. **अनुगमन सम्बन्धि व्यवस्थाः** अनुदान प्राप्त गरि उद्यमी बनेका लाभग्राहीहरुले अनुदान रकमको दुरुपयोग गरे नगरेको विषयमा अनुगमन गर्नका लागि तपशिल बमोजिमको अनुगमन समिति गठन गरिने छ ।

- गाउँपालिका उपाध्यक्ष वा निजले तोकेको व्यक्ति १ जना( संयोजक
- अध्यक्षले तोकेको व्यक्ति १ जना (सदस्य
- प्रमुख प्रशासकीय अधिकृत वा योजना शाखा (सदस्य
- रोजगार सँयोजक — सदस्य
- उद्यमी रहेको वडाका वडा अध्यक्ष —सदस्य

**आज्ञाले**
**नवेशराज हमाल**
**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसुची १-
## अनुदान सहयोगको लागि दिईने आवेदन पत्र

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
बन्दिपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दिपुर तनहुँ ।

विषय :- अनुदान सहयोग उपलब्ध गराईदिने वारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ........................................... कार्य गर्न तिव्र इच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धीत गाउँपालिका भित्रै रही कार्य गर्नेछु । पुनश्च तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल

१. अनुसुची ४ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. गर्न चाहेको पेशा व्यवसाय सम्वन्धीत निकायामा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, घरजग्गा भाडा सम्झौतापत्र आदी )को प्रतिलिपिहरु
५. पासपोटको प्रतिलिपि
६. कार्यक्रम कार्यन्वयन गर्ने प्रतिवद्र्धता

निवेदक
नाम :-
दस्तखतः -
ठेगाना :-

## अनुसुची २-
## कार्यक्रम सँचालनको लागि प्रस्ताव आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति ...................................

यस कार्यालयको आ.व. २० । को वार्षिक कार्यक्रम अनुसार वैदेशीक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई अनुदान प्रदान गरिने कार्यक्रम रहेको हुँदा इच्छुक २५ देखी ५० वर्ष उमेर ननाघेका वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तीहरुले आवेदन पेश गर्ने गरी यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा अनुसारको आवेद फाराममा दरखास्त दिनुपर्नेछ ।

पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजाहरु संलग्न राख्न समेत यसै सुचना द्धारा सुचित गरिन्छ ।

१. अनुसुची १ अनुसारको आवेदन फाराम

२. अनुसुची ४ अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदी ) को प्रतिलिपिहरु

५.थप जानकारीका लागि सम्पर्क :- र इमेल :- bandipurmunicipality@gmail.com

नोट :- यस सुचनामा उल्लेख भए वाहेकका विषयमा प्रचलित कानुन र गाउँ कार्यपालिकको निर्णय वमोजिम हुनेछ ।

## अनुसुची ४
## अनुदान प्राप्त गर्नको लागि पेश गरिने संक्षिप्त व्यावसायिक कार्ययोजना

लाभग्राहीको नाम :-

सम्पर्क नम्वर :-

ठेगाना:- तनहुं जिल्ला, बन्दिपुर गाउँपालिका, वडा नं टोल :-

व्यवसायिक हुन गरिने पेशा/व्यवसायको कार्यविवरण :-

| क्र.स | सँचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान रु | नीजि लगानी रु | जम्मा लगानी रु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

पेशा व्यवसाय गर्ने व्यवसायिले न्युनतम अनुदान रकम बरावरको रकम प्रस्तावित योजनामा समावेस गर्नुपर्नेछ

१. पेशा/व्यवासयाको किसिम :-

३. पेशा/ व्यवसायको कुल लागत :-

४. पेशा/व्यवसायवाट लाभान्वित परिवार संख्या :-

५. पेशा/व्यवसाय गरेको जग्गा को कुल क्षेत्रफल:-

६. पेशा/व्यवसायका प्रयोग हुने प्रविधि :-

९. पेशा/व्यवसायको लागि श्रमको व्यवस्थान :-

क. पारिवारिक :- महिला संख्या :- ................, पुरुष संख्या :- .............

१०. उत्पादित वस्तुको वजार :- अपेक्षित वार्षिक प्रतिफल :-

अनुदान प्राप्त गर्ने तर्फबाट सहि गर्ने :-

नामः छाप :-

दस्तखत :-

मिति :-

## अनुसुची ५-

## कार्यक्रमको सम्झौता पत्र

### अनुदान प्राप्त गर्ने लाभग्राही संग कार्यक्रम संचालनको लागि गरिने सम्झौता–पत्र :-

बन्दिपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यलय तनहुँ (यसपछि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका श्री ............................................... (यस पछि दोश्रो पक्ष भनिने) बीच देहायका शर्तका अधिनमा रहि वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रम संचालनका लागी द्विपक्षिय सम्झौता गरी बुझिलियौं दियौं

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार कार्य प्रगतीको आधारमा एकै वा २ किस्तामा अनुदान रकम प्रदान गरिनेछ।
२. दोश्रो पक्षले अवलम्वन गर्ने पेशा व्यवसायको लागि आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ..................................................... व्यवसाय सञ्चालन गर्नेछ ।
३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन् ।
४. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन ।
५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

पहिलो पक्ष दोश्रो पक्ष

| <u>बन्दिपुर गाउँपालिका को तर्फबाट सहि</u> | <u>उद्यमी तर्फवाट सहि गर्नेको</u> |
|---|---|
| नाम:- | नाम:- |
| पद:- | पद:- |
| दस्तखत ....................... | दस्तखत:- |
| मिति | मिति |
| सम्पर्क फोन नं. | सम्पर्क फोन नं. |
| कार्यालयको छाप | औठाको छाप |
| | दायाँ बायाँ |

साक्षी साक्षी

## अनुसुची -६

## उद्यमी तथा सिपमुलक तालिमको लागि छनौट गर्दा अपनाईने मुल्याँनका आधारहरु

| क्रस | द न | आबेदकको नाम | ठेगाना | प्रस्तावित कार्य योजना (३०) | पेशा, व्यवसायको सम्भाव्यता उपयुक्तता (२०) | अनुभव/तालिम (२०) | महिला (१०) | स्थानीय श्रोत साधन र प्रविधिमा आधारित (२०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**मुल्यांकन समितिका पदाधिकारीहरुको**

नाम थर:-
पद:-
दस्तखत—————
मिति :-

नाम थर:-
पद :-
दस्तखत————
मिति:-

नाम थर:-
पद:-
दस्तखत
मिति:-

नाम थर:-
पद:-
दस्तखत
मिति :-

## अनुसुची - ७
## उद्यमीले पठाउने प्रगती विवरणको ढाँचा

१. उद्यमी को
नाम ———..
ठेगाना ———..

२. सञ्चालित पेशा/व्यवसायको
नाम—————
ठेगाना ———..

३. आ.व. ......

४. प्रगति प्रतिवेदन अवधि

| क्रस | कार्य विवरण | लक्ष्य | प्रगती | आइपरेका बाधा | समाधनको लागि सुझाव |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रति इकाई उत्पादित पदार्थको स्थानिय बजारको विक्रि मुल्य

१. ........................ २. .................................... ३. .........................................

उद्यमिको नाम

दस्तखत

मिति

ठेगाना

## अनुसूची-८
## लाभग्राहीमा सूचिकृत हुनका लागि दिने निवेदनको ढाँचा

श्रीमान रोजगार सँयोजकज्यु,
रोजगार सेवा केन्द्र
———————.।

**विषयः- लाभग्राहीमा सुचिकृत गरि पाउँ ।**

उपर्युक्त सम्बन्धमा म———————.वैदेशिक रोजगारीको क्रममा—————देश गई——— रोजगारीमा गई————————.सीप ज्ञान हासिल गरि नेपाल फर्की पुन एकिकरण कार्यक्रममा सहभागी हुन ईच्छुक भएकोले लाभग्राहीमा सूचिकृत हुनका लागि यो निवेदन पेश गरेको छु ।

१) निवेदकको :-

(क) नाम थर:-
(ख) स्थायी ठेगाना:-
(ग) अस्थायी ठेगाना:-
(घ) राहदानी न :-
(ङ) नागरिकता न:-
(च) श्रम स्वीकृती लिएको मिति:-
(छ) काम गर्न गएको मिति:-
(ज) रोजगारीका लागि गएको देश:-
(झ) सहजिकरण गर्ने वैदेशिक रोजगार व्यवसायीको नाम:-
(ञ) नेपाल फर्किएको मिति:-
(ट) रोजगारीको प्रकार:-
(ठ) हासिल गरेको ज्ञान सिप:-
(ड) करार अवधि:-
(ढ) सहभागी हुन ईच्छुक पुन:एकिकरण कार्यक्रमको प्रकार:-
(ण) मनोसामाजिक परामर्श आवश्यक पर्ने नपर्ने :-

२) बाबु/आमाको नाम:-
३) पति/पत्नीको नाम:-
४) सँलग्न कागजातहरु:-

माथी पेश गरेको विवरण ठीक साचो छ। फरक पर्न गएमा कानुन बमोजिम सहुला बुझाउला ।

<u>निवेदक</u>

हस्ताक्षर——————

| दायाँ | बायाँ |
|---|---|
| | |

नाम थर :-
जिल्ला :- तनहुँ
गा.पा :- बन्दिपुर
वडा न:-

निवेदन दिएको मिति
सम्पर्क न